| २०७७ बैशाख १ देखि साउन २९ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १८९ | ४३ | १५२ | ७ | १२ | ३ | ५१ | ० | १६५ | **२४७** | **५५** | **३२०** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि साउन २९ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १८७ | ४३ | १५१ | ४ | ११ | १ | २१ | ० | ४६ | **२१२** | **५४** | **१९८** |
| **२०७७ साउन २९ देखि ३० गतेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ४ | ३ | ७ | ० | ० | ० | १ | ० | १ | **५** | **३** | **८** |

# दैनिक विपद् बुलेटिन

२९ साउन विहान १०:०० बजेदेखि ३० साउन विहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर ४ स्थानमा **पहिरो,** ४ स्थानमा **अबिरल वर्षा,** ३ स्थानमा **आगलागी,** १ स्थानमा **चट्याङ्ग**का घटना घटेका छन् । यी घटनामा परेर ८ जनाको **मृत्यु,** ७ जना **घाईते** भएका छन् । करिव २९ **लाख रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ८ | ० | १२ | ७ | २९,००,००० | १ | ८ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **१२** वटा घट्ना भएका छन् ।
- **कालिकोट**को महावै गाउँपालिका वडा नं ३ नकुस्थित एक घर माथिबाट **पहिरो** आई घर भत्कन जाँदा सोही घरमा रहेका ६ जनाको **मृत्यु,** २ जना **घाईते** । अन्य विवरण आउन बाँकी ।
- **मकवानपुर**को थाहा नगरपालिका वडा नं १२ गैरीगाँउस्थित एक माईनिङ एण्ड माईनिङ ढुङगा खानीमा माथिबाट **पहिरो** खस्दा खानीको साईड हेर्ने १ जनाको **मृत्यु,** पार्कीङ्ग गरी राखेको १ वटा स्काईभेटर र ३ वटा टिपर **पहिरो**ले पुरी क्षति । **त्रिभुवन राजपथ पूर्णरुपमा अवरोध** ।
- **कैलाली**को लम्किचुहा नगरपालिका वडा नं १ थकालीपूरमा घर देखि अन्दाजी ५०० मिटर टाढा रोडा खोलामा खेल्दै गरेको अवस्थामा अचानक **चट्याङ्ग** पर्न गई १ **बालिकाको** घटना स्थलमै **मृत्यु** र अर्को १ **बालिका** घाईते ।

## घट्ना सारांश...

- **अछाम**को रामारोशन गाउँपालिका वडा नं ३ कालापानीस्थित एक घरमा रहेको भट्टी पसलमा ग्यालिनबाट पेट्रोल हाली आगो बाल्ने क्रममा ग्यालिनमा **आगलागी** भई मानिसलाई पनि आगोले भेट्दा एकै परिवारका ३ सहित ४ जना **घाईते** ।
- **सुर्खेत**को विरेन्द्रनगर नगरपालिका वडा नं ११ गाग्रेतालस्थित एक घर **अविरल वर्षा**का कारण भत्किई पुर्ण रुपमा क्षति ।
- **भोजपुर**को षडानन्द नगरपालिका वडा नं ९ किमालुङ सुर्केस्थित एक घरमा अचानक **आगलागी** हुँदा घर पूर्णरुपमा जली, घर भित्र रहेको अन्नपात, लत्ताकपडा, भाँडावर्तन, काठपात र नगद रु.२,००,००० समेत गरि **३० लाख रुपैंया** बराबरको क्षति ।
- **बाग्लुङ्ग**को जैमिनी नगरपालिका वडा नं ३ न्यौपानेस्थित एक गोठ **पहिरो** आई पुर्णरुपमा क्षती हुँदा गोठमा बाधिराखेको २ वटा भैसी र ३ वटा बाख्राको मृत्यु ।
- **दैलेख**को नारायण नगरपालिका वडा नं २ तल्लो जारकोटस्थित एक कच्चि घर **अबिरल बर्षा**को कारण भत्किई घरभित्र रहेका अन्नपात, लत्ताकपडा, भाडाबर्तन पुरिई क्षति । आठबिस नगरपालिका वडा नं ४ बुढाखोलास्थित एक घर **अबिरल बर्षा**का कारण भत्किदा १ वटा बोका, १ वटा बाख्राको मृत्यु ।
- **सिरहा**को लहान नगरपालिका वडा नं ३ बलान पुल नजिक पुर्व बिर्तामोडदेखि पश्चिम बुटवल आउदै गरेको ट्रक बलान चेकपोईन्टमा रोक्ने क्रममा अचानक वायर सर्ट भई चक्काबाट आगो सल्कन गई **आगलागी** हुँदा ट्रकको केही भाग आंशिक रुपमा जली **४ लाख रुपैंया** बराबरको क्षति ।
- **सिन्धुपाल्चोक**को जुगल गाउँपालिका वडा नं २ लिदी भन्ने स्थानमा माथिबाट **पहिरो** आई अन्दाजी **१५ वटा घर** बगाएको । अन्य विवरण आउन बाँकी ।
- **पाल्पा**को रिप्दिकोट गाउँपालिका वडा नं २ भुटुकास्थित एक गोठ **वर्षा**को कारण भत्किन जाँदा गोठमा भएको १ वटा बाख्रा पुरिएर मृत्यु भई **५ लाख रुपैंया** बराबरको क्षति ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट आगलागी, पहिरो र चटयाङ्गका कारण घाईते भएकाको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पठाइएको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको, सिन्धुपाल्चोकको पहिरोमा उद्धार कार्य जारी ।

## वर्षाको सारांश

साउन २९ गते बिहान ०८:४५ बजे देखि साउन ३० गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०४/३० गते बिहान ०८:४५ बजे २०० वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ७५ र स्वचालितः १२५) मा मापन गरिएको वर्षाको विवरण अनुसार १५७ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (११०.२ मि. मी.) कैलाली जिल्लाको धनगढी एयरपोर्ट केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये ३ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, १५ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, ४७ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ७३ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

श्रावण-३० (शुक्रबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै हुने । आज नारायणी,कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव बढ्ने तर सतर्कता भन्दा तलै हुने ।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई लगायतमा बहाब बढ्ने तर सतर्कता भन्दा तलै हुने भएता पनि बागमती, आरूणखोला, रिउखोला, तिनाउ, बाणगंगा, पश्चिम राप्ती,बबईका केही स-साना सहायक नदीमा आकस्मिक बहाब हुन सक्ने ।
- आज खोटाङ, संखुवासभा, ओखलढुङ्गा, रामेछाप, दोलखा, सिन्धुली, काभ्रेपलान्चोक, काठमाडौँ उपत्यका, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, धादिङ, मकवानपुर, चितवन, गोरखा, नवलपरासी, रुपन्देही, कपिलबस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, तनहुँ, स्याङ्जा, कास्की, पर्वत, बाग्लुङ, रुकुम, रोल्पा, प्युठान, दाङ, बाँके, सुर्खेत, दैलेख, सल्यान, बर्दिया, कालिकोट, डोटी, अछाम, कैलाली, कञ्चनपुर, डडेल्धुरा र आसपास भई बहने स-साना नदीमा बहाव केही बढ्ने र केहीमा आकस्मिक बहाब हुन सक्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।

नोट :पहेलो रङ्ले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङ्ले उच्च जोखिमको संकेत गर्छ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः**http://hydrology.gov.np/**